# सिराहा जिल्ला अदालत, सिराहा

सूचना !　　　　　　　　सूचना !!　　　　　　　　सूचना !!!

मिति २०७८/१०/१०

प्रस्तुत विषयमा कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरिएन्ट ओमिक्रोन समेतको प्रभाव तिब्ररुपमा विस्तार भैरहेको र यसैविच सम्मानित सर्वोच्च अदालतको मिति २०७८/१०/०४ गतेको पूर्ण बैठकको निर्णय बमोजिम कोभिड-१९ को व्यवस्थापन र सेवा प्रवाह सम्वन्धी परिपत्र भई सेवा संकुचन गर्न आएको सन्दर्भमा कर्मचारीहरु र सरोकारवालाहरुको समेत जनस्वास्थ्य र विषय परिस्थितिलाई ध्यानमा राखी जिल्ला अदालत वार इकाई सिराहा संगको छलफल तथा यस अदालतको मिति २०७८/१०/१० को पूर्ण बैठकको निर्णय अनुसार यस अदालतवाट प्रवाह हुने सेवाहरु मिति २०७८/१०/११ गते मंगलवार देखि २०७८/१०/२१ गते शुक्रवार सम्म संकुचन गरी देहाय बमोजिमका सेवाहरु मात्र सूचारु गर्ने निर्णय भएको हुँदा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

- पक्राउ पूर्जीको अनुमति, जरुरी पक्राउ पूर्जीको समर्थन, म्याद थप र कल डिटेल सम्वन्धी अनुमती लिने कार्य online वा भिडियो कन्फ्रेन्समार्फत गर्ने गराउने ।
- अभियोग पत्र सहित वा पक्राउ परी आएका अभियुक्तको वयान लिने र थुनछेक सम्वन्धी कार्य गर्ने ।
- सरकारवादी फौजदारी मुद्दामा म्याद वा पक्राउ पूर्जी जारी भै प्रतिवादीले पिसिआर वा एन्टिजेनको परिक्षण रिपोर्ट सहित हजिर हुन आएमा बयान तथा थुन्छेकको कार्य गर्ने ।
- बाल सुधार गृहमा रहेका बालबालिका जिम्मा लिने सम्वन्धी निवेदन दर्ता र सो उपर हुने कारवाही गर्ने ।

- ❖ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको निवेदन दर्ता र सुनुवाई गर्ने ।
- ❖ बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको रिट निवेदन तथा घरेलु हिँसा सम्वन्धी फिराद पत्र दर्ता र सुनुवाई गर्ने ।
- ❖ अन्तिम हदम्याद बाँकी रहेका बाहेक अन्य फिराद पत्रको हकमा टोकन लिई वारिस मार्फत २० वटा सम्म दर्ता गर्ने साथै अन्तिम म्याद भएका प्रतिउत्तर र लिखित जवाफ दर्ता गर्ने ।
- ❖ मुद्दा फिर्ता, मिलापत्र र घरसारमा रकम बुझि रोक्का जग्गा फुकुवा सम्वन्धी कार्य, कैद भुक्तान भई छाड्ने विषय र जरिवाना बुझाउने सम्वन्धी कार्य गर्ने
- ❖ थुनुवा प्रतिवादी भएका मुद्दाहरुको पेशी र सुनुवाई गर्ने ।
- ❖ कसूर ठहर भई सजाय निर्धारणको लागि पेशी तोकिएकोमा सुनुवाई गर्ने ।
- ❖ जग्गा रोक्का र फुकुवाको निवेदन दर्ता र कारवाही गर्ने ।
- ❖ नयाँ भेरिएन्टसहितको कोभिड-१९ संग सम्वन्धीत निवेदनहरु दर्ता र सुनुवाई गर्ने ।
- ❖ यस अदालतमा सेवा प्राप्त गर्न आउनु हुने सम्वन्धीत सबै महानुभावले कोभिड-१९ विरुद्धको खोपको पुरा मात्रा लगाएको कार्ड (मोवाईलमा फोटो भए पनि हुने) देखाएमा, स्वास्थ्य सुरक्षा सम्वन्धी मापदण्ड अपनाई अनिवार्य रुपमा मास्क प्रयोग गरी सेवा लिन हुन सम्वन्धित सबैमा यसै सूचना मार्फत जानकारी गराईन्छ ।
- ❖ माथि उल्लेखित सेवाहरु वाहेकका मुद्दा पेशी तथा अन्य तारेख लगायतका सम्पूर्ण काम कारवाहीहरु सूचनामा तोकिएको अवधीसम्म स्थगित गरिने र उक्त मिति २०७८/१०/११ देखी २०७८/१०/२१ सम्म म्याद र तारेख नगुज्रिने
- ❖ मिति २०७८/१०/२३ गते देखी अन्य व्यवस्था हुने गरी कुनै निर्णय भएमा सो सम्वन्धी छुट्टै सूचना प्रकाशित गरिने छ ।

२०७८/१०/१०